चौकुने गाउँपालिका

# स्थानीय राजपत्र

चौकुने गाउँपालिकाद्वारा प्रकाशित

सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छानामुक्त) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२

खण्ड ८ संख्या : १५ चौकुने, सुर्खेत प्रमाणिकरण मिति ०८२।०९।११

भाग – २

चौकुने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गुट्टु, सुर्खेत

# सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छानामुक्त) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

चौकुने गाउँपालिकाभित्र रहेका आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक र आर्थिक रुपले विपन्न खस आर्य घर परिवारलाई सामाजिक न्याय तथा सुरक्षाको रूपमा जस्तापाता वितरण गर्ने र गाउँपालिका भित्र फुसको छानो विस्थापन गर्ने मुल उद्देश्यका साथ गाउँपालिकाले जस्तापाता वितरण गर्ने कार्यक्रम राखेको छ । चौकुने गाउँपालिकालाई समृद्ध र समुन्त बनाउन तथा विपन्न नागरिकलाई जस्तापाता वितरण कार्यक्रम सञ्चालन मार्फत जीवनस्तर सुधार गरी गाउँपालिकालाई समावेशी तथा समुन्तत बनाउदै जाने उद्देश्य गाउँपालिकाको रहेको छ । गरिब, असहाय, विस्थापित, द्वन्द पीडित, एकल महिला, विपत् बाट विस्थापित नागरिकको आवश्यक सुरक्षित घर नभएको र भएको घरपनि फुसको छानोले छाएको हुदाँ त्यस्ता नागरिकको पिडालाई संबोधन गर्दै समुदाय केन्द्रीत सामाजिक न्याय तथा सुरक्षाको कार्यक्रम रहेको जस्तापात वितरण कार्यकमलाई वैज्ञानिक मापदण्ड र विधि बनाई कार्यान्वयन गर्दा अझ बढि प्रभावकारी हुने देखी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा ७तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन ले दिएको अधिकार प्रयोग गरी चौकुने गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भिकः** (१) यो कार्यविधिको नाम चौकुने गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छानामुक्त) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको संरक्षण नभएका र आम्दानीको कुनै स्थायी स्रोत नभएको व्यक्ति वा परिवार सम्झनु पर्नेछ।

(ग)"उपाध्यक्ष" भन्नाले चौकुने गाउँपालिकाका उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले फुसको छानो विस्थापन गर्न जस्तापाता वितरण गर्ने कार्यलाई सम्झनु पर्ने छ। साथै फुसको छानो नभएपनि जोखिममा रहेको घरको संरक्षणको लागि जस्तापाता वितरण गर्ने कार्यलाई समेत जनाउनेछ।

(ङ) "कार्यपालिका" भन्नाले चौकुने गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालय सेवा केन्द्र, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ ।

(छ) "गरिव" भन्नाले दैनिक जिविकोपार्जन गर्नको लागि कुनै आम्दानीको स्रोत नभएका वेरोजगार व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ज)"जस्तापाता" भन्नाले प्रविधिक इस्टिमेट तथा लागत अनुमानमा उल्लेखित मापदण्डको जस्तापाता र प्लेन सिट समेत लाई जनाउँछ ।

(झ) 'द्वन्द पीडित" भन्नाले विभिन्न समयमा भएका द्धन्दले घरवार विहीन भई हाल सामान्य फुसको छाना भएको आवासमा बसोबास गर्ने व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(प्र) 'प्रकोप पीडित" भन्नाले बाढी पहिरो, भुकम्प, आगोलागी जस्ता विपद्बाबाट विस्थापित भई आफ्नो मौलिक थाकथलो छोडी अस्थायी फुसको छानो वा यस्तै प्रकारको सामग्रीले घर बनाई बसेको व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका प्रशासकीय कार्य गर्न नेपाल सरकारबाट खटिएको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(ठ) "लाभको पद" भन्नाले कुनै सरकारी वा संगठित गैरसरकारी निकायमा कामकाज गरी तलब सुविधा लिएको व्यक्ति वा त्यस्तो निकायको निर्णय गर्ने तहमा रहेको व्यक्ति सम्झनु पर्दछ ।

(ड) "लाभग्राही" भन्नाले मुख्यी गाउँपालिकाबाट फुसको छानो विस्थापन गर्ने कार्यकममा यसै कार्यविधि वमोजिम जस्तापाता प्राप्त गर्ने वा साँझेदारीमा सहभागि गाउँपालिका भित्र स्थायी बसोबास भएका गरिब, असहाय, विस्थापित, द्धन्द पीडित आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि परेका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ड) "वडा अध्यक्ष" भन्नाले चौकुने गाउँपालिकाको वडाको अध्यक्षलाई सम्झनु पर्दछ ।

३. गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्नेः (१) गाउँपालिका भित्र फुसको तथा फुसको छाना विस्थापन गर्न गाउँपालिकाले वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) अनुसारको कार्यकम देहायको व्यवस्था बमोजिम सञ्चालन गर्न सक्नेछः

(क) गाउँपालिकाको नियमित बजेटबाट विनियोजन गरेर,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको कार्यक्रममा प्रस्ताब गरेर

(ग) गाउँपालिकाबाट विशेष वर्गको लागि सञ्चालन हुने लक्षित कार्यक्रममा व्यवस्था गरेर,

(घ) गाउँपालिकाबाट गैर सरकारी संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरेर,

(ङ) स्थानीय उपभोक्तासँग लागत साझेदारी गरेर

(३) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना अनुसार गुणस्तरीय जस्तापाता खरिद गरी वा लागत साँझेदारीमा निश्चित रकम प्राथमिकताको आधारमा लाभग्राहीको छनौट गरी वितरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाउँपालिकाले सम्भावित लाभग्राहीले गर्न सक्ने लागत साझेदारी तथा अन्य निकायबाट हुने साझेदारीको आधारमा लाभग्राही समूदायको समूहलाई कार्यक्रममा सहभागिता गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यक्रममा सहभागिता जनाउने प्रकृया र भुक्तानी प्रकिया प्रचलित आर्थिक कार्यविधि कानून अनुसारको हुनेछ ।

**४.प्राथमिकताको आधारमा लाभग्राही छनोट गर्नुपर्नेः** (१) गाउँपालिकाले कार्यक्रम संचालन गर्दा लक्षित समुदायको छनोट देहायको प्राथमिकताको आधारमा गर्नु पर्नेछ ।

(क) प्राकृतिक तथा अन्य विपद्ले घरवार विहिन भएको व्यक्ति वा परिवार,

(ख) गाउँपालिकाभित्र अपाङ्ग घरमूली भएको व्यक्ति वा परिवार,

(ग) गाउँपालिका भित्र पहिचान भएका विपन्न, गरिब घर तथा परिवार,

(घ) परिवारमा संरक्षक नभएको असाहाय, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका भएको परिवार,

(ङ) गाउँपालिका भित्र स्थायी बसोबास भएका एकल महिला भएको घर तथा परिवार,

(च) आर्थिक, सामाजिक र साँस्कृतिक पक्षबाट पछाडि परेका दलित, आदिवासी जनजाति तथा अल्पसंख्य समूदाय

(छ) गाउँपालिकाभित्र खर तथा अन्य अन्य यस्तै सामग्रीले छाना निर्माण गरी बसेको घर तथा परिवार,

(२) कार्यालयले उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा क्रमश गाउँपालिका भित्रका लाभग्राहीलाई यस कार्यक्रममासमावेश गर्नु पर्नेछ ।

**५.लाभग्राही समूहमा सहभागी हुन नसक्नेः** गाउँपालिकाकाले वितरण गर्ने जस्तापाता तथा फुसको छाना विस्थापन कार्यक्रममादेहायका व्यक्ति वा परिवार लाभग्राही समूहमा सहभागी हुन सक्ने छैनः

(क) गाउँपालिकाभित्र एक भन्दा बढि घर रहेको र कम्तिमा एक घर फुसको छाना विस्थापन भएको परिवार,

(ख) घर खरले र गोठ तथा भण्डारण घर जस्तापाता वा ढुङ्गाले छाएका परिवार,

(ग) जस्तापाता पाउन तथा लाभग्राही समूहमा सहभागिता जनाउन छुट्टीएको व्यक्ति वा परिवार,

(घ) लाभको पद लिएका (सरकारी वा गैर सरकारी संघ संस्थामा व्यक्ति वा परिवार

(ङ) एक भन्दा बढी घर जिल्ला भित्र वा बाहिर समेत भएका व्यक्ति तथा परिवार,

(च) गाउँपालिकाभित्र कम्तिमा एक घर पक्कि घर भएको व्यक्ति तथा परिवार,

(छ) वडा कार्यालयबाट लाभग्राहीको रूपमा सिफारिस नभएको घर तथा परिवार ।

**६. वडा कार्यालयले विवरण तयार गर्नुपर्नेः** प्रत्येक बडा कार्यालयले आफ्नो वडा भित्रका लाभग्राहीको देहायको विवरण तयार गर्नु पर्नेछ ।

(क) बडा भित्र रहेका जम्मा लाभग्राहीको संख्या,

(ख) आफ्नो वडाभित्र लाभग्राहीको प्राथमिकताक्रमको सूचि,

(ग) साझेदारी गरी कार्यक्रम सहभागिता जनाउन सक्ने सम्भावित लाभग्राहीको संख्या,

(घ) गैर सरकारी संस्थाको साझेदारीमा कार्यक्रममा सहभागिता गराउन सकिने लाभग्राहीको संख्या,

(ङ) लाभग्राहीको अन्य आवश्यक विवरण,

७. लाभग्राहीले कार्यक्रममा सहभागिता जनाउन सक्ने:

(१) लाभग्राहीले वडा कार्यालय मार्फत फुसको छानो विस्थापन कार्यक्रममा सहभागि हुन फुसको छानो वा यस्तै सामग्रीले निर्माण भएको घरको छानाको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गर्नु पर्नेछ ।

(२) वडा कार्यालयले वडामा प्राप्त निवेदनको आधारमा प्राथमिकीकरण गरी गाउँपालिकामा सिफारिस गर्नु पर्नेछ। प्राप्त सूची बमोजिम गाउँपालिकाले एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (२) वमोजिमको एकीतृत विवरण सहितको सूची सबैको जानकारीको लागि वेभसाईटमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यक्रममा सहभागिता जनाउने उपदफा (३) बमोजिमका लाभग्राही घर तथा परिवारलरले अनुमुसूचि १ मा तोकिएको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ ।

(५) लागत साझेदारी वा साभग्राही उपभोक्ताको समुहबाट कार्यक्रममा सहभागि हुने समूदायलाई तोकिएको खरिद प्रकृया अनुसार लागत स्टिमेट गरी सम्झौताको आधारमा कार्यक्रममा सहभागिता गराइनेछ ।

(६) यस कार्यक्रमका लागि गाउँपालिकाले व्यहोर्ने अनुदानको हिस्सा (गाउँकार्यपालिकाले तोके बमोजिमको हुनेछ) ।

(७) लागत अनुमान अनुसारको जस्तापाता काठ किला तार लगायत अन्य सामग्री बापत लाग्ने अनुदान बाहेकको थप रकम स्वयं लाभग्राहीले व्यहोर्नु पर्ने छ।

( ८) लाभग्राहीले लागत अनुमानमा तोकिएको मापदण्ड अनुसारको जस्तापाता स्वयंले खरिद गरी घर छाउनु पर्ने छ । कार्यसम्पन्न भए पश्चात प्राविधिक मूल्यांकनका आधारमा मात्र गाउँपालिकाबाट प्राप्त हुने अनुदानको भुक्तानी गरिनेछ।

**७ गाउँपालिकाले जस्तापाता खरिद गरी बितरण गर्न सक्ने:**

(१) गाउँपालिकाले स्वीकृत बजेटको अधिनमा रही जस्तापाता खरिद गरी यस कार्यविधिले तोकेबमोजिम सम्बन्धित लाभग्राहीलाई वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जस्तापाता वितरणको लागि दफा १० बमोजिमको वडास्तरीय अनुगमन तथा सहजीकरण समितिले आफ्नो वडाभित्रका लाभग्राहीको प्राथमिकताक्रम अनुसार सूची तयार गर्नुपर्नेछ । उक्त सूची वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयमा टाँस तथा प्रकाशन गर्नुपर्नेछ।

(३) गाउँपालिकाले खरिद गरेको जस्तापाता लाभग्राही संख्याको आधारमा समानुपातिक रुपमा वितरणको लागि वडा कार्यालयलाई उपलब्ध गराउनेछ।

(४) वडास्तरीय अनुगमन तथा सहजीकरण समितिले वडा कार्यालयमा प्राप्त जस्तापातालाई लाभग्राहीको प्राथमिकताको क्रमअनुसार प्राविधिक लागतको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेछ ।

(५) जस्तापाता वितरण गर्दा सम्बन्धित घरधनी र घर देखिने फोटो समेत जस्तापाता वितरणको भरपाईका साथ संलग्न गर्नुपर्नेछ।

(६) जस्तापाता वितरण पश्चात त्यसको सदुपयोग भए नभएको बारेमा निरन्तर अनुगमन वडा स्तरीय अनुगमन तथा सहजीकरण समितिले गरी गाउँकार्यपालिकामा प्रतिवेदन गर्नुपर्नेछ।

**८. अनाधिकृत प्राप्त गर्न तथा दुरुपयोग गर्न नहुनेः** (१) लाभग्राहीले अनुदानबाट प्राप्त गरेको जस्तापाता अनाधिकृत रूपमा प्रयोग गरेमा, बेचविखन गरेमा गाउँपालिकाले त्यस्ता लाभग्राहीको अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाबाट प्राप्त गरेको जस्तापात अनाधिकृत प्रयोग तथा बेचबिखन गरेमा खरिद मूल्य बरावरको रकम गाउँपालिकाले सरकारी बाँकी सरह असुलउपर गर्नेछ।

**९. गाउँपालिकास्तरीय निर्देशक समिति रहनेः** (१) गाउँपालिकाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छः

(क) गाउँपालिकाको अध्यक्षः संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्षः सदस्य

(ग) कार्यपालिकाले तोकेको दुईजना कार्यपालिका सदस्यः सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ङ) पूर्वाधार शाखा प्रमुखः सदस्य

(च) योजना शाखा प्रमुखः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा शाखा प्रमुखलाई समितिमा आमन्त्रण गर्न सक्नेछ,

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) गाउँपालिकाभित्र रहेका सम्भावित लाभग्राहीकोसंख्या पहिचान गर्ने,

(ख) कार्यक्रम सञ्चालनमा स्रोतको खोजी गर्ने तथा साझेदारीको ढाँचा पहिचान गर्ने,

(ग) कार्यक्रमबाट लाभ प्राप्त गर्ने सेवाग्राहीको प्राथमिकिरण गर्न सहयोग गर्ने,

**१०. बडास्तरीय सहजिकरण तथा अनुगमन समितिको** (१) वडाभित्र रहेका लाभग्राही पहिचान, प्राथमिकीकरण गर्न तथा जस्तापाता वितरण र कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको वडास्तरीय सहजीकरण तथा अनुगमन समिति रहनेछः

(क) वडा अध्यक्षः संयोजक

(ख) वडा समितिका सबै सदस्यः सदस्य

(ग) वडा सचिवः सदस्य

(घ) वडामा रहेको वा बडाको जिम्मेवारी भएको प्राविधिक कर्मचारीः सदस्य सचिव

(२) संयोजकले आवश्यकता अनुसार वडामा साझेदारी गर्ने निकाय, गैर सरकारी संस्था तथा अन्य कर्मचारीलाई समितिमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र रहेका सम्भावित लाभग्राहीको संख्या पहिचान गर्ने,

(ख) वडामा कार्यक्रम सञ्चालनको लागि साझेदारको पहिचान गर्ने,

(ग) वडाभित्र रहेकाको लाभग्राही प्राथमिकिरण गर्ने,

(घ) बडाभित्र रहेका लाभग्राहीको प्राथमिकताको आधारमा जस्तापाता प्राप्त गर्न गाउँपालिकामा सिफारिस गर्ने,

(ङ) आवश्यकता अनुसार गाउँपालिकाबाट प्राप्त जस्तापाता वडामा वितरण गर्न सहजीकरण गर्ने,

(च) वडामा बितरण भएको जस्तापाताको लाभग्राही तथा परिमाणको विवरण राखे,

(छ) वितरण भएको जस्तापाताको प्रतिवेदन गाउँपालिकामा नियमित रूपमा गर्ने,

(ज) वितरण हुने जस्तापाताको दुरूपयोग रोक्ने तथा प्रभावकारी रूपमा कार्यक्रमको सञ्चालन गर्न सहजिकरण तथा अनुगमान गर्ने,

**११. विपद्को समयमा अन्य कोषबाट रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेः** गाउँपालिकामा हुने कुनै प्राकृतिक विपद्को समयमा विपद् पीडित समूदायलाई तत्काल राहत उपलब्ध गराउनु पर्ने भएमा गाउँपालिकमा रहेको अन्य राहतकोषको रकमबाट जस्ता खरिद गरी यस कार्यविधिको प्राथमिकता र मापदण्डको आधारमा वितरण गर्न सकिनेछ ।

**१२. एकीकृत अभिलेख तयार गरी सार्वजनिक गर्नुपर्नेः** गाउँपालिकाबाट कार्यक्रममा सहभागि भई अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण अनुसूचि २ अनुसार गाउँपालिकाले वार्षिक रूपमा तयार गर्नुपर्नेछ ।

**१३. थपघट र हेरफेरः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संसोधन वा हेरफ़ेर गर्न सक्नेछ ।

## अनुसूचि-१

## कबुलियतनामा

चौकुने गाउँपालिका, वडा कार्यालय, वडा नं............(जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र चौकुने गाउँपालिका, वडा नं............. टोल/बस्ती/गाउँ.........................बस्ने श्री...................................(जसलाई यम पछि दोस्रो पक्ष भनिनेछ) दुवै बीच निम्न शर्तहरुको पूर्ण पालन गर्ने गरी दुबै पक्ष मन्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौ, लियौ ।

(क) दोस्रो पक्षले वडा कार्यालयमा आफु यस कार्यक्रममा सहभागी भई अनुदान सहायता प्राप्त गर्नु पर्ने कारण सहित घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि लागत सौझेदारिका आधारमा कार्यक्रममा सहभागि हुन निवेदन दिनु पर्नेछ।

(ख) पहिलो पक्षले दोस्रो पक्षलाई लागत अनुमानको विवरण उपलब्ध गराउनु पर्नेछ। लागत अनुमानमा उल्लेख भए बमोजिम कम्तिमा ०.३८ mm को रंगिन जस्तापाता र धुरीको हकमा सादा प्लेन जस्ता पाताको प्रयोग दोस्रो पक्षले गर्नु पर्नेछ।

(ग) पहिलो पक्षले दोस्रो पक्षलाई एक घरको लागिमात्र जस्तापाता छाउने गरी कार्यपालिकाले तोके बमोजिम निश्चित रकम उपलब्ध गराउने छ। यदि कुनै जालसाझी गरी झुटा विवरण पेश गरि कार्यकमको अनुचित लाभ लिएको प्रमाणित हुन आएमा गाउँपालिकाको अनुदान सहयोग सरकारी बाँकि सरह असुलउपर गरिनेछ।

(घ) दोस्रो पक्षले घर छाउने कार्य सम्पन्न गरी प्राविधिक जाँच गराई भुक्तानीका लागि बिल भरपाई सहित गाउँपालिकामा फाइल पेश गरि सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने फाइल उपर कुनै कारवाही नहुने र पहिलो पक्ष भुक्तानीका लागि जिम्मेवार हुने छैन।

(ङ) कार्यालयबाट प्राप्त गर्ने नगद सहायता बाहेकको लागत अनुमान अनुसारको बाँकी रकम स्वयं लाभग्राहीले व्यहोर्नु पर्ने छ।

उल्लिखित बमोजिम गर्न गराउन हामी दुवै पक्ष मजुर छौ ।

बुझिलिने घरमूली तथा व्यक्तिको नामः	हस्ताक्षरः

बुझाउने वडा कार्यालयको प्रतिनिधिको नामः	हस्ताक्षरः

अनुसूची-२

जस्तापाता विवरण सम्बन्धी अभिलेख फारम

चौकुने गाउँपालिका,सुर्खेत ।

वडा नं.................................... आर्थिक वर्ष २०......./......../.........

| क.स | मिति | लाभग्राहीको नाम | घरको आकार(वर्ग फिट) | लागत अनुमानको रकम | गाउँपालिकाको अनुदान रकम | लाभग्राहीले व्यहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

प्रमाणीत गर्नेको हस्ताक्षरः

मितिः

अनुसूची - ३

# चौकुने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## गुट्ठु,सुर्खेत ।

## दरखास्त/निवेदन पत्र

मितिः २०८२/०८/१०

श्री वडा अध्यक्ष ज्यू
श्री ....................नं वडा कार्यालय
............................................

विषयः जस्तापाता कार्यक्रम नामग्राही छनौट गरीपाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा, सुर्खेत जिल्ला चौकुने गाउँपालिका वडा नं..................... बस्ने श्री ........................ नाति/नातिनी बुहारी श्री .............................. कि............................ छोरा/छोरी/पत्नी श्री..............................देहायको विषयमा स्वोघोषणा सहित फुसको छाना विस्थापन /ब्यवस्थापन विवरण कार्यक्रम लाभग्राही छनौट गरीपाँउ भनी यो निबेदन पेश गरेको छु ।

देहायः

क) म र मेरो परिवारको सदस्यको नाममायसैसाथ फोटोमा पेश गरेको वाहेक अन्य घर छैन । ☐

ख) मेरो घर कोछाना................ खर/ढुङ्गा/ झिगटी/ स्याउला/पराल छाएको छ । ☐

ग) म र मेरो परिवारको कुनै पनी सदस्य सरकारी वा गैरसरकारी निकायबाट नियमित मासिक तलब भत्ता पाउनेगरी रोजगारीमा छैन । ☐

घ) यस अघि मैले कुनैपनी निकायबाट घर निर्माण र सुधार अनुदान लिएको छैन । ☐

ङ) मेरो परिवारको आर्थिक अवस्था कमजोर छ । ☐

च) अनुदान पाउनका लागि कार्यविधि विपरित कुनै जालपाझ वा झुटा विवरण पेश गरेको छैन । ☐

मैले पेश गरेका विवरण ठिक साँचो हो । झुटा ठहरिए कानुन बमोजिम सहुला बुझौंला ।

<u>निबेदकः</u>

नामः-

ठेगानाः-

सम्पर्क नः-

दस्तखतः

आज्ञाले
(पूर्ण बहादुर वि.क.)
प्रमुख प्रशासकीय अधिकृत